# परिच्छेद ३

# ३.२ 'बोक्सी' एक कुप्रथा : महिलाविरुद्ध हुने हिंसाको निरन्तरता

**पृष्ठभूमि**

नेपाली बृहत् शब्दकोश २०६७ मा "बोक्सी" शब्दको अर्थ "बोक्सेरो जान्ने वा टुनामुना गर्ने स्त्री, डङ्किनी, डाइनी वा दुष्टा स्त्री"भन्ने उल्लेख छ। नेपाली समाजमा गरिब, दुःखी, एकल महिला, वृद्धा, सामाजिक रूपमा अपहेलित, समाजमा दबिएर बोल्न नसक्नेहरूलाई कथित बोक्सीको आरोप लगाउने गरेको पाइन्छ। तन्त्रशास्त्र तथा शिवपुराणमा पहिचानसहित छुट्टै पहिरन अनि शिवजीका बाजागाजा ढोल ढ्याङ्ग्रो बजाउँदै विभिन्न देवीदेवताको एउटा छुट्टै लय, भाषा र शैलीमा सृष्टि उत्पत्तिदेखिको कथा र गाथा गाउँदै तन्त्रमन्त्रको जपसँगै ढ्याङ्ग्रोको तालमा नाच्दै लौकिक र अलौकिक शक्तिका माध्यमद्वारा विभिन्न रोगको उपचार गर्दै हिँड्ने अनि देवीदेवता, भूतप्रेत, पिचास, डङ्किनी आदि भेद बुझ्नसक्ने साधारण भाषामा भन्नु पर्दा आफ्नो शरीरमा विभिन्न देवीदेवताको आह्वान गरी तिनबाट विशेष कार्य लिन सक्ने स्त्रीलाई बोक्सी भनिन्छ' भनी अर्थ्याइएको पाइन्छ।

'बोक्सी' हुन्छ भन्ने अन्धविश्वास विश्वका हरेक समाजमा अहिले पनि विद्यमान छ । आधुनिक औद्योगिक समाजका तुलनामा पछौटे ग्रामीण समाजमा बोक्सीसम्बन्धी मान्यता र विश्वास प्रवल रहेको देखिन्छ। तथ्यका आधारमा सत्य खोज्नुको साटो ज्ञानको भ्रमपूर्ण परावर्तन् सहित तर्कको अन्त्य भएको समाजमा बोक्सेरोको विश्वास मौलाएको पाइन्छ। जसको परिणाम स्वरूप आर्थिक, पारिवारिक र सामाजिक हैसियतमा कमजोर बन्न पुगेका महिलाहरूमा बोक्सीका नाममा प्रताडित बनाइन्छन्।

महिलाविरुद्ध हुने यस्ता हिंसाको न्यूनीकरण र अन्त्य गर्न राज्यले ऐन कानुनहरू निर्माण गरेको छ। तर, ती ऐन कानुनको प्रभावकारी कार्यान्वय नहुँदा कथित बोक्सीको नाममा महिलामाथि हुने हिंसा रोकिएका छैनन्। पितृसत्तात्मक मनोविज्ञानका कारण महिलामाथि कथित बोक्सीको नाममा हुने हिंसाको पूर्ण उन्मूलनको लागि संवेदनशीलता देखिएन । तसर्थ, उक्त हिंसाको न्यूनीकरण गर्न सरोकारवालाको  ध्यानाकर्षण गराउने उद्देश्यका साथ यो अध्ययन गरिएको छ।

**समस्याको विश्लेषण**

गरिबी, अशिक्षा, चेतनाको कमी, परम्परागत धारणा, सामाजिक मूल्य मान्यता, धार्मिक अन्धविश्वासका कारण महिला उपर विभिन्न खालका हिंसा हुने गरेका छन्।  ती हिंसाहरू मध्ये एक हो कथित बोक्सीको आरोपमा महिलामाथि हुने हिंसा। बोक्सीको आरोपमा दुर्व्यवहार सहेका सबैको पहुँच कानुनसम्म पुग्दैन। न्यून आर्थिक स्रोत, अशिक्षा, न्यायमा पहुँच नभएका, सामाजिक डरत्रास, असुरक्षा र लोकलाजका कारण पीडितहरू दुर्व्यवहार सहेर बस्न बाध्य हुन्छन्। बोक्सीको आरोपमा महिला उपर कुटपिट, कपाल मुण्डन र अभक्ष कोच्याउने जस्ता हिंसाका घटनाहरू कमी आएको छैन।

**अध्ययनको उद्देश्य**

- अमानवीय कुप्रथा "बोक्सी" को नाममा महिलाउपर हुने मानव अधिकार उल्लङ्घनसम्बन्धी समस्याका सन्दर्भमा केन्द्रित रहेर अध्ययन गर्नु।
- कथित बोक्सीका घटना न्यूनीकरण गर्न बनेका ऐन, कानुन, नीति र नियमको अध्ययन गर्नु यसको कार्यान्वयनका सन्दर्भमा आइपरेका कठिनाइ तथा चुनौतीहरूको विश्लेषण गर्नु।

**अध्ययनको महत्त्व र सान्दर्भिकता**

'बोक्सी' आरोपमा महिलामाथि आफन्त र छरछिमेकबाट विभिन्न प्रकारका हिंसा, यातना र अमानवीय कार्य भए पनि कानुनको कार्यान्वय पक्ष प्रभावकारी देखिँदैन। कानुनमा कसुर र सजायको व्यवस्था छ तर, बोक्सी आरोपित महिलाहरू जनचेतनाको अभाव र कानुनी अज्ञानताका कारण यातना सहन बाध्य हुने गरेको देखिन्छ।

गाउँमा कोही बिरामी भएमा वा उनीहरूको मृत्यु भएमा, चौपाया, पशुपन्छीलाई रोग लागेमा वा मरेमा कुनै बोक्सेरो जान्ने महिलाले भेदेको, टुनामुना गरेको, पुत्ला गाडेको वा तन्त्रमन्त्र गरेको रूपमा लिई छिमेककै कुनै निर्बल महिलालाई बोक्सी भनेर प्रताडित गर्ने गरेको पाइन्छ । समस्याको कारणका आधारमा नभएर अन्धविश्वासका आधारमा गरिने हुँदा यसले महिलामाथि हुने हिंसालाई प्रोत्साहन गरेको छ।

**अध्ययनको सीमा**

यो अध्ययन प्रदेश २ मा केन्द्रित छ । अन्धविश्वास र कुप्रथाको रूपमा रहेको कथित बोक्सीको आरोपमा महिलामाथि हुने सामाजिक हिंसाको अवस्थाको अध्ययन गरिएको छ। यो अध्ययनले देशका अन्यभागमा भएका घटनाका बारेमा विश्लेषण गर्दैन।

**६ अध्ययनको विधि**

- द्वितीय स्रोत सामग्रीको अध्ययन (पुस्तक, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन आदि)
- अन्तरवार्ता, निरीक्षण, छलफल र समूह छलफल,
- घटना अध्ययन (केसस्टडी)

**अध्ययनको क्षेत्र**

यो अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रदेश २ को आठ ओटै जिल्लामा कथित बोक्सी घटनाहरूको अध्ययन गरियो । यसैगरी, विगत ६ वर्षको अवधिमा भएका बोक्सीका घटना सम्बन्धमा प्रकाशित समाचार, पुस्तक तथा प्रतिवेदनहरूको अध्ययन गरिएको छ। यस अध्ययनमा यस क्षेत्रका विज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको कुराकानीलाई पनि समेटिएको छ।

**कथित बोक्सी एक सामाजिक हिंसा**

सामाजिक मूल्य मान्यता, परम्परा र विश्वासका कारण यस्तो हिंसाले समाजमा संरक्षण र बढावा पाइरहेको अवस्था छ । बोक्सीको आरोप लागेका महिलाले समुदायका सदस्यका साथै आफ्ना परिवार र धामीझाँक्रीबाटै चरम प्रकृतिको शारीरिक र मनोसामाजिक हिंसाको सामना गर्नुपर्ने हुन्छ । अति भएको अवस्थामा बोक्सीको आरोप तथा उत्पीडनमा परेकी महिलाले आत्महत्यासम्म गरेका उदाहरणहरू छन् । पछिल्लो समयमा बोक्सीको आरोप तथा उत्पीडनलाई आर्थिक लाभका लागि, सम्पत्ति र भूमि कब्जा गर्न र अन्यमाथि शक्ति र नियन्त्रण राख्न पनि प्रयोग गरिएको पाइएको छ।

बोक्सी शब्दले नै पीडा र त्रासको प्रतिनिधित्व गरेको हुन्छ। विशेषगरी गाउँमा कुनै मानिस बिरामी भयो वा मृत्यु भयो भने धामी–झाँक्रीको झारफुकको प्रभावमा परेर कसैमाथि बोक्सीको दोष लगाई निर्मम यातना दिने गरिन्छ । कतिपय घटनाहरू सञ्चार माध्यमसम्म आइपुग्छन् त कतिपय आउँदैनन्।

विभिन्न समयमा सार्वजनिक प्रकाशनमा आएका चरम दुर्व्यवहार एवं क्रुर यातनाका घटनाहरूले सबैलाई सोच्न बाध्य बनाउन पुग्छ। यस किसिमको घटनाले सर्वसाधारणमा भयको वातावरण पैदा गर्दछ।

टुनामुना, तन्त्र–मन्त्र गरेको भनी कसैमाथि बोक्सीको दोष लगाउनु सामाजिक तथा कानुनी अपराध मानिन्छ। कुनै व्यक्ति बोक्सी हो भनी तय गर्ने कुनै आधार कसैले दिन सक्दैन । तर, पनि समाजमा बोक्सीको नामबाट कुनै पनि व्यक्तिमाथि हुने अमानवीय व्यवहार, यातना, हिंसाजस्ता कार्यको अन्त हुनसकेको छैन । महिलाप्रति हानिकारक सामाजिक मूल्य मान्यता, संस्कार तथा संस्कृतिका आडमा हुने हिंसालाई सामाजिक हिंसा भन्ने बुझिन्छ।[1] बोक्सीको आरोप लगाई कपाल मुण्डन गर्ने, गाउँ घुमाउने, पञ्चायती बसेर अपमानित तथा दुर्व्यवहार गर्ने, कुटपिट तथा यातना दिने र अभक्ष खुवाउने आदि जस्ता हिंसा हुने गरेको पाइन्छ।

**प्रदेश २ को अवस्था**

आर्थिक रूपले विपन्न, गरिब तथा असहाय महिलामाथि कथित बोक्सी जस्ता अन्धविश्वासका नाममा हुने हिंसाका घटनाहरू प्रदेश २ मा निकै अभिलेख हुने गरेका छन्। इन्सेकको तथ्याङ्क अनुसार पछिल्लो ६ वर्षमा बोक्सी आरोपमा ९१ जना महिला पीडित भएका छन्। जसमध्ये कथित बोक्सीको आरोपमा एक महिलाको आफ्नै परिवारका सदस्यको कुटपिटबाट मृत्यु भयो।

प्रदेश २ मा सन् २०२० मा कथित बोक्सीको आरोपमा २४ जना महिलामाथि कुटपिट तथा अमानवीय व्यवहार भएको घटना इन्सेकमा अभिलेख छ। सन् २०१९ मा प्रदेश २ मा १४ जना महिला कथित बोक्सीको आरोपमा पीडित भएका थिए। छिमेकी तथा आफन्त परिवारका व्यक्तिबाट कुटपिट तथा अमानवीय

१. अन्वेषी–२०७७, परिच्छेद ६, पृष्ठ ४७– महिला पुर्नस्थापना केन्द्र (ओरेक)

| इन्सेकको पछिल्लो ६ वर्षको तथ्याङ्क अनुसार प्रदेश २ मा सन् २०१५ देखि सन् २०२० सम्म 'बोक्सी' घटनाका पीडित सङ्ख्या | |
|---|---|
| २०१५ | ११ |
| २०१६ | १४ |
| २०१७ | ९ |
| २०१८ | २० |
| २०१९ | १४ |
| २०२० | २४ |
| कूल पीडित सङ्ख्या | ९२ |

छन्। पीडित महिलाहरू २५ देखि ८५ वर्ष उमेर समूहका छन्। बोक्सीको आरोपमा आफ्नै छोरा तथा घर परिवारका सदस्य तथा छरछिमेकका व्यक्तिबाट महिलाहरू कुटिएका छन्।

अभिलेखित घटनामध्ये २४ ओटै घटनामा पीडित वा पीडित पक्षले प्रहरीमा उजुरी दिए पनि पाँच घटनाको उजुरी दर्ता नगरी अनुसन्धानकै क्रममा रहे। सात घटनाका आरोपितलाई मात्र कानुनी दायरामा ल्याइएको छ भने १६ घटनाको आरोपित गिरफ्तार गरिएको र एक घटना मेलमिलाप भएको पाइयो।

| सन् २०२० मा 'बोक्सी' घटनामा पीडित सङ्ख्या | | |
|---|---|---|
| क्र.सं. | जिल्ला | पीडित सङ्ख्या |
| १. | सप्तरी | ३ |
| २. | सिरहा | ११ |
| ३. | धनुषा | ४ |
| ४. | महोत्तरी | ३ |
| ५. | बारा | २ |
| ६. | पर्सा | १ |
| कूल | | २४ |

बोक्सी सम्बन्धी अन्धविश्वास समाजमा यति गाडिएको छ कि कसैले बोक्सा–बोक्सी भनिदिएपछि छोराबुहारीले आमालाई दुर्व्यवहार तथा कुटपिट गर्छन्। जन्म दिने आमा, बुबा र पालनपोषण गर्ने परिवार नै बिरानो भइदिन्छ। यस्तै घटना यस वर्ष सिरहा जिल्लामा भयो। कथित बोक्सीको आरोपमा छोराबाटै कुटिएकी सिरहा जिल्ला कर्जन्हा नपा–३ की ८५ वर्षीया सुदामादेवी साहको मृत्यु भएको घटना सार्वजनिक भयो। प्रहरीले पीडितका ४५ वर्षीय छोरा रामअवतार साहलाई ०७७ कात्तिक १३ गते र ४० वर्षीया बुहारी मन्जुदेवी साहलाई पुस १२ गते गिरफ्तार गऱ्यो। पीडित परिवारका अनुसार मन्जुदेवी र रामअवतारकी बुहारी (मृतककी नातिनी बुहारी) बिरामी परेपछि आमालाई बोक्सीको आरोपमा कात्तिक ११ गते लछारपछार पार्दै कुटपिट गरिएको थियो।

कुटपिटबाट घाइते भएकी सुदामालाई उपचारको लागि जनकपुरस्थित अस्पतालमा लगिएको थियो। डाक्टरले बाँच्ने आशा नभएको भन्दै घर लैजानु भनेपछि कात्तिक १५ गते सुदामा देवीको मृत्यु घरमा नै भएको मृतककी छोरी जानकी साहले बताइन्। पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा कात्तिक १५ गते उजुरी दिए। शवको पोष्टमार्टम जिल्ला अस्पताल सिरहामा कात्तिक १६ गते गरिएको इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए।

**मानसिक यातना खप्न नसकी आत्महत्या**

बोक्सीको आरोप लगाइ सकेपछि महिलालाई मानसिक तथा शारीरिक यातना दिनुका साथै कुटपिट गरिन्छ। कतिपलाई अभक्ष कोच्याइन्छ। यति धेरै शारीरिक र मानसिक यातना दिइन्छ कि कैयौंले यस्तो यातना खप्न नसकी आत्महत्या गरेर आफूले आफैंलाई मार्छन्। महोत्तरीकै नैन्हीकी फुलोदेवी मुखियालाई आफ्नै नन्द र जेठाजुले बोक्सी भन्दै कुटपिट गर्दै आएका थिए। २०६७ असार १५ गते गाउँभर खबर फैलियो– जेठाजु जनक मुखिया र नन्द राजोदेवीले मिलेर फूलोदेवीको शरीरमा तेजाब छर्केर हत्या गरेको आरोप लाग्यो। तर, कानुनको आँखामा फुलोदेवीले आगो लगाइ आत्महत्या गरेको ठहरियो।

२१ वर्षअघि २०५५ सालमा बोक्सी आरोप लगाइएकी महोत्तरी लोहारपट्टीकी बुचियादेवीले आत्महत्या गरिन्। गाउँलेहरूले 'बोक्सी भन्दै चारपाटा मुडेर कुटपिट गरे पश्चात् नाङ्गो पारेर गाउँ घुमाउने' धम्की दिएपछि त्यो बेइज्जती सहनुपर्ला भन्ने डरले उनले आत्महत्या गरेको छिमेकीहरू बताउँछन्। यी त प्रतिनिधिमूलक घटना मात्र हुन्। यस्ता धेरै घटना सार्वजनिक हुन सकेका छैनन्।

सिराहा जिल्ला नवराजपुर गाउँपालिका–५ कुर्सन्डीकी ४१ वर्षीया मुर्तीदेवी यादवलाई ०७७ भदौ २७ गते गाउँमा बसेको पञ्चायतले बोक्सीको आरोपमा कुटपिट गर्नुका साथै अभक्ष कोच्यायो। स्थानीय धर्मनाथ यादवको छोरीलाई 'बोक्सी लगाइ बिरामी बनाएको' भन्दै सजाय दिन सोही ठाउँस्थित शिव मन्दिरमा गाउँका

अगुवाको 'पञ्चायती' बसेको थियो।

सीमावर्ती भारतीय गाउँ तोरियाहीबाट आएका एक झाँक्रीले स्थानीय महिला मूर्तीदेवी बोक्सी भएको आरोप लगाएका थिए। दोषीलाई सजाय दिन र गाउँमा सुख र शान्ति स्थापना गर्न यो पञ्चायती डाकिएको थियो । धर्मनाथकी छोरी बिरामी बनाएको भन्दै मूर्तीदेवीलाई घरबाट नियन्त्रणमा लिई लछारपछार गर्दै घिसार्दै लात्ती र मुक्काले कुटपिट गरिएको थियो । छुटाउन गएका छोरा गणेश यादव र उनको पतिलाई पनि कुटपिट गरियो । उनीहरूले बोतलमा घोलेर अभक्ष कोच्याए। यसरी महिलालाई बोक्सी भनेर कुटपिट गर्ने र मानव मलमूत्र खुवाउने 'पञ्चायती' मा स्थानीय जनर्निवाचित प्रतिनिधि पनि सहभागी थिए। नवराजपुर गाउँपालिका–५ का वडा सदस्यसमेत रहेका स्थानीय रामउद्‌गार यादव पनि सो भिडमा सहभागी रहेको पीडित परिवारको गुनासो थियो।

एउटी महिलालाई कुटी लडाएर विवश बनाई अभक्ष कोच्याएपछि गाउँको 'पञ्यायती' राती करिब १ बजे सकियो। मुर्तीदेवी गम्भीर घाइते भएकी थिइन्। उनलाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएको थियो । नवराजपुर गाउँपालिका–५ का २० वर्षीय सन्तोष यादव लगायत सोही ठाउँका २५ वर्षीय कृष्णदेव यादव, २० वर्षीय ब्रहमदेव यादव, ५५ वर्षीय बैजनाथ यादव, ४५ वर्षीय देवनाथ यादव, ४९ वर्षीय धर्मनाथ यादव, २० वर्षीय महेश यादव र २१ वर्षीय पशुपति यादवले मूर्तीदेवीलाई कथित बोक्सीको आरोपमा कुटपिट गरी अभक्ष कोच्याएको भन्दै पीडित परिवारले इलाका प्रहरी कार्यालय महेशपुर पतारमा असोज ४ गते उजुरी दिएको थियो। घटनाको एक सातापछि मात्र इलाका प्रहरी कार्यालय महेशपुर, पतारीले गाउँमा पुगेर घटनास्थलको प्रकृति मुचुल्का उठाएको थियो। आरोपित मध्ये सन्तोष यादवलाई प्रहरीले असोज २२ गते गिरफ्तार गर्‍यो। तर, अन्य आरोपितहरू फरार छन्।

**सरोकारवालाको भनाइ**

**भोला पासवान, पत्रकार तथा अधिकारकर्मी** : विज्ञान र प्रविधिको अभुतपूर्व विकास भएको वर्तमान युगमा सूचना प्रविधि पनि त्यत्तिकै सशक्त बनेको छ। प्रविधिमा पनि धेरै परिवर्तन भइसकेको छ। तथापि कुप्रथाको रूपमा समाजमा व्यक्तिको दिमागमा हजारौँ वर्षदेखि बोक्सी प्रथाले जरो गाडेको छ। सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन छन्। तर, सामाजिक कानुनले मानिस निर्देशित छन्।

सामाजिक हिसाबले अन्धविश्वास र कुरीतिको रूपमा बोक्सी प्रथा कायम छ। अहिले पनि बोक्सी प्रथा रहनुको मुख्य कारण शिक्षा र चेतनाकै कमी हो। कथित बोक्सी घटना न्यूनीकरणका लागि कानुनी प्रावधान छन्। तर, धेरै वर्षदेखि मानिसको दिमागमा बसेको कारण र यसका विरुद्ध राज्यले कुनै ठोस नीति तथा कार्यक्रम ल्याउन सकेको छैन। सरकारले कानुनी प्रावधानको विषयमा गाउँस्तरमा जनचेतना फैलाउनु पर्छ। मुख्यतः राजनीतिक दलहरूले यसलाई एजेण्डा बनाएर आफ्नो पार्टीका कार्यकर्ताहरू लाई गाउँस्तरबाटै प्रशिक्षण गर्नु पर्छ।"

**अनिता देवकोटा, एकल महिला समूह, प्रदेश संयोजक** : प्रदेश २ मा कथित बोक्सीको नाममा धेरै घटना भएका छन्। शिक्षा र चेतनाको कमीका कारण यस्तो घटना भइरहेको छ। तसर्थ चेतनाको स्तर बढाउनु पर्छ । कानुनहरू बनेको छ । तर ती कानुनहरू कार्यान्वयन नहुँदा यस्ता घटनाहरू दिन प्रतिदिन बढ्दै गएको अवस्था छ। पीडितहरू न्याय नपाएर फर्केको अवस्था छ। पञ्चयती भएर पैसाको लेनदेख गरेर पनि मेलमिलाप गरेको घटनाहरू पनि छन्। पीडकलाई कानुन बमोजिम कारबाही हुनु पर्छ।"

**मुनी दास, महिला अधिकारर्मी**ः बोक्सीको आरोपमा दलित महिला बढी पीडित छन्। रिसइवी तथा प्रतिशोध लिन पनि कथित बोक्सीको आरोप लगाउने गरिन्छ । प्रदेश २ मा कथित बोक्सी जस्ता अन्धविश्वासका नाममा महिलामाथि अमानवीय व्यवहार, कुटपिट घटना सार्वजनिक भइरहेका छन्। बोक्सी हुँदैन भनेर जनचेतना अभियान चलाउन जरुरी छ।

**कृष्णप्रसाद पङ्गेनी, एसपी, जिल्ला प्रहरी कार्यालय, बारा**ः यस्ता घटनामा जाहेरी पर्नासाथ जाहेरी दर्ता गर्छौं, कानुनी दायरमा ल्याउँछौं । आरोपितलाई गिरफ्तार गरेर ल्याउँछौं। कानुन अनुसार अनुसन्धान तथा कारबाही प्रक्रिया अगाडि बढाउँछौं।"

**महिलाको हकमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था**

नेपालको संविधान २०७२ को धारा ३८ मा मौलिक हककै रूपमा महिला अधिकारको सुनिश्चितता गरेको छ। संविधानको धारा ३८ को उपधारा ३ मा महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा,

प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने उल्लेख छ। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने बारेमा प्रष्टसँग उल्लेख छ। तर, सामाजिक साँस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू अहिले पनि हिंसाका दुष्चक्रबाट बाहिर निस्कन सकेको अवस्था छैन। जसमध्ये कथित बोक्सीको आरोपमा हुने हिंसा जस्ता घटनामा महिला पीडित हुँदै आएका छन्।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा** *सबै व्यक्तिहरू स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन्* भनी स्पष्ट उल्लेख छ भने *धारा २ मा सबै नागरिक बिना भेदभाव अधिकार र स्वतन्त्रताका हकदार हुन्छन्* भनी उल्लेख गरिएको छ। सन् १९४८ डिसेम्बर १० का दिन जारी गरिएको यो घोषणापत्रमा धारा १ देखि ३० सम्म सबै जातजाति वर्ण, लिङ्ग, भाषा धर्म, राजनीतिक वा अन्य अधिकार सुनिश्चित गरिएको छ।

महिला अधिकारका बारेमा चर्चा गर्दा मानव अधिकारको विश्वव्यापी घोषणपत्रका १९४८ साथै नेपालद्वारा १९९१ मा अनुमोदन भएको महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि १९७९ ले पनि महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव अन्त्य गर्ने भन्ने विषयको विशेष व्यवस्था गरेको छ।

## राष्ट्रिय कानुनी व्यवस्था

विक्रम सम्वत् १९१० मा जारी भएको संहिताबद्ध कानुनको रूपमा रहेको मुलुकी ऐनले 'बोक्सेरो' महलको व्यवस्था गरी बोक्सी दोष लगाउने कार्यलाई दण्डनीय बनाएको थियो। कसैलाई बोक्सीको अपराध लगाई घरबाट निकालेमा, कसैका कन्या, सधवा, विधवा स्त्रीलाई मन्त्र-टुना गरी झारफुक गर्ने धामीलाई वा त्यस्तो कार्य गर्न सहयोग गर्ने मतियारसमेतलाई दण्ड सजाय हुने व्यवस्था उल्लेख थियो।

तर मुलुकी ऐन, २०२० मा भने बोक्सीको दोष लगाई दुर्व्यवहार गर्ने व्यक्तिमाथि सजाय हुने प्रस्ट कानुनी व्यवस्था थिएन। तर, कसैले कसैमाथि कुटपिट गरेमा भने कुटपिटको महलबमोजिम सजाय हुने कानुनी व्यवस्था थियो। त्यसका साथै राज्यले समाजमा हुने सार्वजनिक अपराधको नियन्त्रण गर्न तथा सर्वसाधारणको इज्जत र मान मर्यादा कायम राख्न केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ र गाली बेइज्जती ऐन, २०१६ जस्ता कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइएको थियो। तर, छुट्टै कानुन थिएन। राष्ट्रिय मानव अधिकार आयोगले बोक्सीको आरोपमा हुने हिंसाजन्य घटनाको रोकथाम तथा नियन्त्रण गर्न र दोषीउपर सजाय गर्न एकीकृत कानुनको तर्जुमा गर्न सरकारलाई सिफारिस गरेको थियो।[२] अधिवक्ता रेश्मा थापा लगायतले नेपाल सरकारलाई विपक्षी बनाएर सर्वोच्चमा दायर गरेको रिटमा २०६१ साउन २६ गते न्यायाधीश अनूपराज शर्माको एकल इजलासले कानुन बनाउन निर्देशनात्मक आदेश दिएको थियो। आदेश गरिएको एक दशकपछि अर्थात् ०७२ साउन १८ गते नेपाल राजपत्रमा प्रकाशित भएपछि बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ लागु भयो।[३]

## कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७२

कसैलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपितलाई क्रुर तथा अमानवीय व्यवहार गर्ने वा बोक्सीका नाममा कुनै किसिमको यातना दिने जस्ता अमानवीय तथा कुरीतिजन्य क्रियाकलापलाई दण्डित गरी स्वच्छ र स्वस्थ समाजको निर्माणका निम्ति तयार पारिएको विधेयक ०७१ असार १३ गते तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्री नीलम केसीले व्यवस्थापिका-संसद सचिवालयमा पेश गर्नु भएको थियो। कसैलाई कथित बोक्साबोक्सीको आरोप लगाउँदै शारीरिक प्रताडना र बेइज्जती गर्नेलाई कारबाही गर्न सरकारले संसदमा प्रस्तुत गरेको विधेयकको सर्वत्र स्वागत गरिएको थियो।

सो विधेयक ०७२ साउन १८ गते व्यवस्थापिका संसदबाट पारित भई बोक्सीको आरोप (कसुर र सजाय ऐन) २०७२ जारी भई कार्यान्वयनमा ल्याइएको छ। सो ऐनले बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने, बोक्सीको

२. राष्ट्रिय मानव अधिकार आयोगको नीतिगत सिफारिसहरू वि.सं. २०५७-२०७१, पृष्ठ ६

३. http://today.annapurnapost.com/report/495

आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने, बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने, बोक्सीको आरोपमा कुटपिट गरी खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, अभक्ष कोच्याउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार लगायत कसुर गर्ने व्यक्तिहरूलाई सजायको व्यवस्था गरेको छ।

उक्त ऐनमा बोक्सीको आरोपसम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार ६ महिनादेखि ८ वर्षसम्म कैद सजाय र ५ हजार रुपियाँदेखि १ लाख रुपियाँसम्म जरिबानाको व्यवस्था गरेको छ। यसैगरी कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजायको व्यवस्था गरेको छ। सार्वजनिक पदमा बसेको व्यक्तिले कसुर गरेमा २५ प्रतिशत थप सजाय हुने ऐनमा उल्लेख छ। क्षति भए बराबर क्षतिपूर्ति र उपचारमा कुरुवा बस्दा लागेको समेत सम्पूर्ण खर्च पीडकले व्यहोर्नुपर्ने कानुनी व्यवस्था छ।

**निष्कर्ष**

विज्ञान र प्रविधिको अभूतपूर्व विकास भएको युगमा पनि समाजमा कथित बोक्सीको आरोपमा महिलामाथि हिंसा र उत्पीडन हुने गरेको पाइन्छ। प्रत्येक वर्ष आफन्त तथा छिमेकबाट कथित बोक्सीको नाममा महिला पीडित भएको घटना सार्वजनिक हुन्छ। तर, कथित बोक्सीका नाममा भइरहेका धेरै घटनाहरू सार्वजनिक हुन सकेका छैनन् । उनीहरूको हक अधिकारलाई उजार गर्न सकेको देखिँदैन।

बोक्सीको आरोप लगाइ अमानवीय व्यवहार गर्ने तथा यातना दिनेजस्तो आपराधिक कार्यलाई कानुन बनाएर दण्डनीय बनाए पनि अझै नेपाली समाजमा बोक्सी प्रथा हट्न सकेको अवस्था छैन। महिलामाथि हुने बोक्सीजनित हिंसा आफैँमा जटिल तथा पुरातन सामाजिक समस्या हो । सामाजिक तथा रूढिवादी समस्या भएकाले सामान्य बहस वा छलफलले मात्रै बोक्सीसँग सम्बन्धित समस्यालाई हल गर्न सकेको अवस्था छैन।

**सुझाव**

कथित बोक्सीका नाममा महिलामाथि हुने हिंसाका घटना कानुनतः दण्डनीय मानिएको छ । सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने भनी बोक्सीको आरोप (कसुर र सजाय ऐन) २०७२ ल्याइएको छ। बोक्सी आरोप सम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी ६ महिनादेखि ८ वर्षसम्म कैद तथा ५ हजार देखि ५० हजार रुपियाँसम्म जरिबानाको सजाय हुने व्यवस्था छ।

समाजमा व्याप्त रहेको अन्धविश्वासको जरा उखेल्न अन्धविश्वासमा आधारित यस्ता कुरीति उन्मूलन गर्नका निम्ति साँस्कृतिक अभियानको आवश्यकता देखिन्छ। राजनीतिक दलले साँस्कृतिक आन्दोलनलाई आत्मसात गर्दा यसको प्रभावकारिता अझ बढ्ने देखिन्छ। तसर्थ कथित बोक्सी प्रथा राजनीतिक दलको एजेण्डा बन्नु जरुरी छ। राजनीतिक इच्छा शक्ति भएमा समाजमा रहेका यस्ता कुप्रथाको अन्त्य गर्न सकिन्छ।

**सन्दर्भ सामग्री :**


- प्राची, प्रकाशनः इन्सेक, प्रकाशित २०६७ फागुन, “बरबर हिंसाको स्वरुप”, लेखक- गीता माली
- राष्ट्रिय मानव अधिकार आयोग, नीतिगत सिफारिसहरू, २०५७-२०७१
- अन्वेषी, २०७७, महिला पुर्नस्थापना केन्द्र (ओरेक)
- मानव अधिकारको विश्वव्यापी घोषणा पत्र-१९४८
- प्राचीमा प्रकाशित, नेपालमा बोक्सा बोक्सी प्रथा र कानुनी व्यवस्था लेख, लेखक सुमित्रा भट्टराई
- मानव अधिकारका नौ ठूला महासन्धि, प्रकाशकः इन्सेक, प्रकाशन मिति २०६९ असार १ गते
- नेपालको संविधान (२०७२)
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६,२०१७,२०१८,२०१९ र २०२०
- बोक्सीको आरोपमा महिलामाथि गरिने अपराध एवम् मानव अधिकार हनन्को स्थितिःएक विश्लेषण, ओरेक नेपाल, २०७०
- मुलुकी अपराध संहिता २०७४